ते २०८३/०३/०३ गतेका वेलुका ६:०० वजे यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन
ो अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल वमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :– श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :– श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :– श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :– श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :– श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :– श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :– श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :– श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :– श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :– श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :– श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :– श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :– श्री पूर्ण घले

कार्यपालिका सदस्य :– श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :– श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :– श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :– श्री विज्ञान पौडेल

अन्य उपस्थिति :

प्रशासकीय अधिकृत :– श्री अर्जुन चपाई

लेखा अधिकृत :– श्री मनी राना मगर

ईन्जिनियर :– श्री सुरेश गौतम

**मिति २०८३ असार ३ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु**

**निर्णय नं. १ : अघिल्लो बैठकको समीक्षा तथा रिपोर्टिङ सम्बन्धमा ।**

मिति २०८३/२/२९ को मर्स्याङदी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णयहरु कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो । साथै वडाको कार्य प्रगति र वर्तमान अवस्था बारे वडा अध्यक्ष ज्यूहरुबाट रिपोर्टिङ भयो । समीक्षा र रिपोर्टिङ्गको क्रममा बैठकमा उठेका विषयहरुमा छलफल भयो । समग्र कार्य प्रगति सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं.२.मर्स्याङ्दी गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८३ पारित गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा मर्स्याङ्दी गाउँपालिकाबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न यस गाउँपालिकाको कामको प्रकृति अनुरुप नियन्त्रणको वातावरण, जोखिम क्षेत्रको पहिचान, नियन्त्रणका गतिविधि, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्यांकनजस्ता बिषयलाई समेटी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ एवम् स्थानीय तहको आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन,२०७८ बमोजिम तर्जुमा गरिएको "मर्स्याङ्दी गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८३" पारित गर्ने यस मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिका बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. ३.क्षेत्राधिकार बाहिर करारोपण नगरेको स्वघोषणा गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा मर्स्याङ्दी गाउँपालिकाले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम "मर्स्याङ्दी गाउँपालिकाको आर्थिक ऐन, २०८२" तर्जुमा गरी आ.व. २०८२/८३ मा स्थानीय कर तथा शुल्क संकलन गरेको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ बमोजिम आफ्नो क्षेत्राधिकार बाहिर करारोपण नगरेको स्वघोषणा गर्ने यस मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिका बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. ४ : मर्स्याङ्दी गाउँपालिकाको आ.व.२०८३/०८४ को निति तथा कार्यक्रम सम्बन्धमा :**

मर्स्याङ्दी गाउँपालिकाको आ.व. २०८३/०८४ को यस निति तथा कार्यक्रम २१ औं गाउँ सभाको पहिलो बैठकमा अनुमोदनार्थ पेश गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको बैठकमा सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

## " समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधार : कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार "

# मर्स्याङ्दी गाउँपालिका

# आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

**गाउँसभाका सदस्य ज्यूहरु,**

मर्स्याङ्दी गाउँपालिका गाउँसभाको २१ औं बजेट अधिवेशनमा हार्दिक स्वागत गर्दछु । मर्स्याङ्दी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ । विक्रम संवत् २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट हामीलाई मतदान मार्फत निर्वाचित गर्नुहुने आदरणीय मर्स्याङ्दी गाउँपालिका बासी आमा, बुवा, दाजुभाई, दिदीबहिनीहरु लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछु । सर्वप्रथम लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि शहादत प्राप्त गर्नुहुने सबै अमर शहिदहरुलाई स्मरण गर्दै, उहाँहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । यो परिवर्तनको आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने अग्रज नेताहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

मर्स्याङ्दी गाउँपालिकाको विकास र समृद्धिका लागि नेपालको संविधान, सङ्घीय, प्रदेश र स्थानीय कानून द्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानून द्वारा निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौ । नारामा उल्लेख भए बमोजिम कृषि, पर्यटन, उर्जा र पूर्वाधारको विकास नै समृद्ध मर्स्याङ्दी गाउँपालिका निर्माणको आधार हो । सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना प्रविधिको उच्चतम प्रयोग गर्न जरुरी छ । पूर्वाधार विकास, सुशासन र आर्थिक विकासको गतिले मात्रै समृद्ध गाउँपालिका निर्माण गर्न सकिन्छ । यस्तै विषयहरुलाई प्राथमिकतामा राखेर यो नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

अब म यस मर्स्याङ्दी गाउँपालिकाको गरिमामय सभामा आगामी आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु । गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि विकासका प्रयासहरुलाई मार्गदर्शन गर्न र स्रोत साधनहरुको उपयोगमा दिशानिर्देश गर्ने हेतुले यो नीति तथा कार्यक्रम तर्जुमा गरेको छु । यसैको नीतिगत मार्गदर्शनमा रहेर आगामी आ.व.२०८३/०८४ को वजेट तर्जुमा गरी विनियोजन गरिनेछ । जस अनुसार गाउँपालिकाले गर्नुपर्ने विषयगत क्षेत्रहरुमा निम्नानुसारका नीति लिइनेछ। सङ्घीय र प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान, राजस्व वाडफाँड वापत प्राप्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान, विद्युत रोयल्टी, आन्तरिक स्रोत (राजस्व), शसर्त अनुदान तथा अन्य अनुदानलाई आधार मानी बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

## ❖ आर्थिक विकास नीतिः

आर्थिक विकासका क्षेत्रमा निम्न बमोजिमका नीति अवलम्बन गरिनेछ ।

### क) कृषि तथा पशुपंछी विकास नीतिः

१. कृषि उत्पादनलाई बजारीकरणमा सहज बनाउन कृषि ढुवानी सेवा सञ्चालनलाई व्यवस्थित गरिनेछ ।
२. कृषि सेवा केन्द्र, खुदीमा निर्मित चिस्यान केन्द्रलाई सञ्चालनमा ल्याईनेछ ।
३. कृषि उत्पादनलाई प्रोत्साहित गर्न कृषि हाट मेलाहरुको आयोजनालाई निरन्तरता दिईनेछ ।

४. सामुहिक खेति प्रणालीलाई प्रोत्साहित गरिनेछ ।

५. कृषि/पशु पकेट क्षेत्रमा कृषि सडक, विद्युत सेवा, सिँचाई सुविधा लगायत कृषि पूर्वाधारको पहुँच सुनिश्चित गरिनेछ ।

६. कृषि तथा पशुपंक्षी अनुदानलाई गाउँपालिका भित्र उच्च उत्पादनमा सम्भावना भएका क्षेत्रहरुमा आधारित बनाईनेछ ।

७. रासायनिक मल तथा विषादीको प्रयोगलाई न्यूनीकरण गर्दै प्राङ्गारिक मल तथा जैविक विषादीको प्रयोगमा प्रोत्साहन गर्ने नीति लिइनेछ ।

८. एक घर एक करेसाबारी, मर्स्याङ्दी गाउँपालिका भरी कार्यक्रमलाई अभियानको रुपमा अगाडी बढाइनेछ ।

९. स्थानीय लोपोन्मुखे बीउबिजन, रैथाने वालीहरुको संरक्षण र प्रवर्द्धन गर्दै गाउँपालिका स्तरीय बीउ बैङ्कको स्थापना र व्यवस्थापनमा जोड दिइनेछ ।

१०. भूगोल माटो र हावापानीको आधारमा क्षेत्रगत पकेट क्षेत्रहरु घोषणा गरी एक वडा एक उत्पादनको निति कार्यान्वयन गर्दै लगिनेछ ।

११. माछा, मासु, दूध, तरकारी र अण्डामा आत्मनिर्भर बनाई उत्पादन, प्रशोधन र विक्री वितरणमा जोड दिइनेछ ।

१२. परम्परागत भेडा, बाख्रा, गाई, भैंसीका घुम्ती गोठ तथा खर्कहरुलाई सुदृढ गर्दै पशु जन्यबस्तु तथा परिकारको प्रशोधन र व्यवसायीकरणमा जोड दिइनेछ ।

१३. कृषि तथा पशुपंछी विमालाई जोड दिईनेछ ।

१४. पशुपंछीहरुलाई पूर्ण खोप सुनिश्चित गरिनेछ ।

१५. पशु स्वास्थ्य शिविर आयोजना गरिनेछ ।

१६. घाँस खेतिमा आधारित व्यवसायिक पशुपालनमा जोड दिईनेछ ।

१७. कृषि तथा पशुपंछीको उत्पादन बढाउँदै प्रशोधन, ग्रेडिङ, प्याकिङ र भण्डारणको व्यवस्था गर्दै कृषि बजारलाई व्यवस्थित गरिनेछ ।

१८. पशुपालनका लागि नस्ल सुधार, उन्नत तथा पोषणयुक्त घाँस विकास, चरिचरन वा खर्क विकास तथा व्यवस्थापन गरिनेछ ।

१९. कोसेली घरको स्थापना गरी कृषिजन्य उपजहरुको बजारीकरण गरिनेछ । समर्थन मूल्य निर्धारण गर्दै विचौलियाहरुको गलत प्रभावलाई अन्त्य गरिनेछ ।

२०. फुल र फलफूलको नर्सरी स्थापना गरि फलफूल खेतिमा विशेष जोड दिईनेछ ।

२१. गाउँपालिकाको उत्पादन बढाउन माटो परीक्षण शिविर सञ्चालन गरिनेछ ।

२२. बाली उपचार शिविर आयोजना गरिनेछ ।

२३. आई पि यम कृषक पाठशाला सञ्चालन गरिनेछ ।

२४. बैङ्क तथा वित्तीय संस्थासँगको सहकार्यमा वित्तीय साक्षरता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

२५. गोरु पालक कृषकहरुलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

**ख) पर्यटन विकास नीतिः-**

१. पर्यटन विकासलाई गाउँपालिकाको आर्थिक विकासको मेरुदण्ड मानी आन्तरिक तथा बाह्य पर्यटक आगमन बढाउन प्रचार–प्रसार र पर्यटन प्रवर्द्धन गरिनेछ ।

२. ऐतिहासिक राष्ट्रिय व्यक्तित्वहरु भूगोलविद् डा.हर्क गुरुङ, राष्ट्रिय विभूति वीर भक्ति थापा, राष्ट्रकवि माधवप्रसाद घिमिरेका चिनारी हुने स्थलहरु संरक्षण र पार्कहरु निर्माण कार्यलाई निरन्तरता दिई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने नीति लिइनेछ ।

३. मर्स्याङ्दी महोत्सव' लगायत विभिन्न महोत्सवहरुको आयोजना गरिनेछ । परम्परागत भिरमह शिकारलाई पर्यटनसँग जोडिनेछ ।

४. पि.पि.पि अवधारणामा पालिकाभित्रका पर्यटकीय क्षेत्रको विकास गर्ने नीति लिइनेछ ।

५. जगत स्थित तातोपानी कुण्डलाई स्तरोन्नति गर्दै प्रचार प्रसार गरिनेछ ।

६. स्याङ्गे झरना, हामखोला झरना, बुङ झरना, अक्टोपस झरना र पेम्रो झरनाहरुलाई थप व्यवस्थित बनाई क्यानोनिङको व्यवस्था गर्न प्रयत्न गरिनेछ ।

७. भुलभुले - भुस्मे, डादी - नयाँगाउँ, उस्ता - छिनखोला, ताराचोक - लुदी देखि धार्मिक एवं पर्यटकीय हिसाबले उच्च सम्भावना भएको बाह्रपोखरी जोड्ने पर्यटकीय पदमार्ग निर्माणमा जोड दिदै विकास गरिनेछ ।

८. भलामचौर, घनपोखरा, खुदी-शिउरुङ, रामबजार-उपल्लो ताघ्रिङ, थुर्जुलेक-दुधपोखरी जोड्ने एक धार्मिक एवं पर्यटकीय पदमार्गको विकास गरिनेछ । सो पदमार्गलाई मनाङ र पोखरा सँग जोडिनेछ ।

९. भिरपुस्तुन, घेर्मु - ठुल्नागी ताल सम्म पुग्ने पर्यटकीय पदमार्ग निर्माण गरिनेछ ।

१०. खुदी - भलामचौर - घलेगाउँ - घनपोखरा - जिम्दो - हर्सिङ डाँडा - शिउरुङ - छापा पर्यटकीय पदमार्गको विकासमा जोड दिईनेछ ।

११. बुद्ध हिमाल हिमालचुली ग्रेट लेक ट्रेलको विकास र प्रवर्द्धनमा मर्स्याङ्दीलाई जोड्दै मर्स्याङ्दीको पर्यटन प्रवर्द्धनमा विशेष पहल गरिनेछ ।

१२. बेसिशहर-मनाङ बैकल्पिक पर्यटकीय पदमार्गको मर्स्याङ्दी खण्डको निर्माणमा जोड दिईनेछ ।

१३. मर्स्याङ्दी गाउँपालिकाभित्र रहेका पुरातात्विक महत्वका पाटी पौवा चौतारा, मठ मन्दिर, गुम्बा चैते, ढुङ्गे धारा, ठाँटी, सत्तल, कुवाका साथै लोप हुदै गएको परम्परागत घुमाउने घर आदीको खोज अनुसन्धान गरी संरक्षण र संबर्द्धन गरिनेछ ।

१४. स्थानीय कच्चा पदार्थहरुबाट पर्यटन उद्योग स्थापना गरी स्वरोजगारको सिर्जना गरिनेछ।

१५. सञ्चालनमा रहेका होमस्टेहरुलाई थप स्तरउन्नति तथा प्रवर्द्धन गर्दै नयाँ सम्भावित गाउँहरुलाई होम स्टे गाउँको रुपमा विकास गरिनेछ ।

१६. प्याराग्लाइडिङ, क्यानोनिङ, रक क्लाइम्बिङ जस्ता साहसिक खेलहरुको सम्भाव्यता अध्ययन, प्रवर्द्धन तथा विकास सम्बन्धी कार्यहरू गरिनेछ ।

**ग) उद्योग तथा वाणिज्य र व्यापार व्यवसाय नीतिः-**

१. कृषि, वन र जडीबुटीसँग सम्बन्धित कच्चा पदार्थहरुको प्रयोग गरी साना तथा घरेलु उद्योगहरु स्थापनामा प्रोत्साहन र सहयोग गरिनेछ ।

२. ढुङ्गा, गिट्टी तथा बालुवाको स्रोतको संक्षिप्त प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE) बमोजिम उत्खनन् र निकासी गर्ने व्यवस्था मिलाइनेछ ।
३. सार्वजनिक, सहकारी र निजी लगानी अर्थतन्त्रको तीनखम्बे नीतिलाई आत्मसाथ गरिनेछ
४. व्यवसाय दर्ता तथा नवीकरणलाई थप व्यवस्थित गरिनेछ ।
५. स्थानीय लगानीलाई संरक्षण र प्रोत्साहन गरी बाह्य लगानीलाई आकर्षण गर्न गैर आवासीय मर्स्याङ्दी वासीहरुलाई लगानीमैत्री वातावरण तयार गरिनेछ ।
६. कृषि पशु बिउविजन, औषधि तथा विषादि विक्रि वितरणलाई कडाईका साथ नियमन तथा अनुगमन गरिनेछ ।
७. स्थानीय स्तरमा सञ्चालित लघु, घरेलु तथा साना उद्यम व्यवसायलाई प्रवर्द्धन गर्ने प्रोत्साहानको व्यवस्था गरिनेछ ।

## घ) सहकारी तथा वित्तीय क्षेत्र सम्बन्धी नीतिः-

१. सहकारी संस्था सम्बन्धी स्थानीय ऐन, नियम, नीति, कानून तथा मापदण्ड कार्यान्वयन गरी नियमनमा जोड दिइनेछ ।
२. कम पूँजी र समान उद्देश्य भएका सहकारीलाई एकीकरण गर्न प्रोत्साहन गरिनेछ ।
३. सहकारी संस्थाको क्षमता अभिवृद्धि, प्रवर्द्धन र विकासमा जोड दिइनेछ ।
४. सहकारीहरुलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ।
५. संकट ग्रस्त सहकारीहरुको पहिचान गरी समयमा नै यसको व्यवस्थापनमा जोड दिईनेछ ।

## ङ) गरीबी निवारण लघु उद्यम विकास तथा रोजगार नीतिः-

१. गरिबी निवारणको लागि पालिकामा गरीवीको अवस्था पत्ता लगाउन मापदण्ड अनुसार वर्गिकरण गरिनेछ ।
२. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्धन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिइनेछ ।
३. संघ तथा प्रदेशले ल्याएको रोजगार मुलक कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।
४. रोजगार सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।
५. कृषि, पर्यटन, घरेलु तथा साना उद्योग, साना जल विद्युत, लघुवित्त, सहकारी जस्ता रोजगारी सिर्जना हुन सक्ने सघन क्षेत्रमा लगानी बढाउन प्रोत्साहित गरिनेछ ।
६. गरीबी निवारण कोषद्वारा समुदायलाई हस्तान्तरण गरिएको कोष सञ्चालन र थप व्यवस्थित गर्न समितिहरुलाई सक्रिय र जिम्मेवार बनाईनेछ ।
७. स्थानीय रोजगार रणनीति तय गरि कार्यान्वयन गरिनेछ ।
८. बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सामाजिक पुनःस्थापना/अन्तरघुलन सहित उनिहरुको ज्ञान, सिप र पूँजिको उपयोग गर्दै उद्यम व्यवसाय सञ्चालनका लागि विशेष नीति तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ❖ सामाजिक विकास नीति :

### क) शिक्षा नीति :

१. बालमैत्री स्थानीय शासन लागू गर्ने प्रक्रिया अगाडी बढाइनेछ ।

२. शिक्षा प्राप्ति बालबालिकाको मौलिक अधिकार हो । विद्यालयहरुको सिकाइलाई नतिजामुखी तथा व्यवहारिक बनाउन गाउँपालिकाबाट पारित २५ बुँदे शैक्षिक घोषणाको कार्यान्वयनलाई निरन्तरता दिइनेछ ।

३. विद्यार्थी ड्रपआउटलाई शुन्यमा झार्न विशेष पहल गरिनेछ ।

४. गाउँपालिका स्तरीय शैक्षिक कार्यक्रमहरुलाई निरन्तरता दिदै थप व्यवस्थित गरिनेछ । उत्कृष्ट नतिजा ल्याउन सफल विद्यालय, शिक्षक र विद्यार्थीहरुलाई पुरस्कृत गर्दै थप प्रोत्साहन गर्ने नीति लिइनेछ ।

५. खानेपानी, छात्रामैत्री शौचाल , विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब र पुस्तकालयको उचित व्यवस्थापन गर्दै प्रयोगात्मक शिक्षामा जोड दिइनेछ ।

६. पालिका स्तरीय परिक्षा बोर्ड मार्फत परिक्षालाई थप प्रभावकारी र मर्यादित बनाईनेछ ।

७. बालबालिकालाई नैतिक एवं सकरात्मक सोंचको विकास गराउन विद्यालय स्तरीय उत्प्रेरणात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८. भूगोल तथा विद्यार्थी संख्याको आधारमा विद्यालयहरुको समायोजन गरी उचित व्यवस्थापनमा जोड दिइनेछ ।

९. शिक्षासँग सरोकार राख्ने गै.स.स सँग सहकार्यको नीति अगाडी बढाइनेछ ।

१०. नेपाल सरकारको एक स्थानीय तह एक नमूना विद्यालय स्थापनाको नीतिलाई आत्मसाथ गरी सहकार्यका कार्यक्रम अगाडी बढाइनेछ ।

११. विद्यालयमा सिकाइ उपलब्धी वृद्धि गर्नको लागि विभिन्न तालिम तथा शैक्षिक कार्यक्रमहरु सञ्चालन र व्यवस्थापन गरिनेछ ।सिपयुक्त कक्षा सञ्चालन गरिनेछ ।

१२. सबै मा.वि.हरुमा स्मार्ट बोर्डको प्रयोग गर्दै डिजिटल कक्षा सञ्चालनमा ल्याईनेछ ।

१३. सुत्केरी विदामा रहने शिक्षकहरुको बैकल्पिक व्यवस्था गरिनेछ ।

१४. विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न विशेष जोड दिइनेछ ।मर्स्याङ्दी कप आयोजनालाई थप कार्यक्रम सहित निरन्तरता दिईनेछ ।

१५. प्रा.वि. तहका शिक्षकहरुलाई मन्टेश्वरी तालिम सञ्चालन र व्यवस्थापन गरिनेछ ।

१६. सामुदायिक विद्यालयहरुमा आवासीय तथा छात्रबासको अवधारणा लागू गरिनेछ ।

१७. विपन्न दलित, सीमान्तकृत, गरीब, अपाङ्गता, अनाथ आदिको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

१८. एक विद्यालय एक पुस्तकालय, एक विद्यालय एक विज्ञान प्रयोगशाला, वडा कार्यालयमा मिनि लाईब्रेरीको व्यवस्था गरी आवश्यकता अनुसार बैकल्पिक शिक्षा सञ्चालन गरिनेछ ।

१९. उचित मापदण्ड निर्धारण गरी शिक्षक दरबन्दी मिलान गरिनेछ ।

२०. शारीरिक शिक्षा, खेलकुद, योग, नृत्य संगित र अन्य अतिरिक्त क्रियाकलापहरुको सञ्चालनका लागि घुम्ति शिक्षकहरुको व्यवस्था गरिनेछ ।

२१. विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक, विद्यार्थीहरुलाई तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्दै जवाफदेही बनाइनेछ ।

२२. दिवा खाजामा थप बजेटको व्यवस्था गर्दै स्थानीय पौष्टिक खाद्य उत्पादनलाई अनिवार्य गरिनेछ। जंकफुडको प्रयोगलाई निरुत्साहित गरिनेछ।

२३. विद्यालयहरुमा स्वच्छ खानेपानी तथा सरसफाईको व्यवस्था गरिनेछ ।

२४. प्र.अ.हरुलाई नेतृत्व विकास सम्बन्धी तालिम र तहगत प्रोत्साहन भत्ताको व्यवस्था गर्दै थप जिम्मेवार बनाईनेछ।

२५. विद्यायमा स्वास्थ्य शिक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२६. कक्षा १२ सकेर बसेका विद्यार्थीहरुलाई बेसिक कम्प्युटर शिक्षाको व्यवस्था गरिनेछ।

## ख) स्वास्थ्य नीति:-

१. आधारभूत, निःशुल्क स्वास्थ्य सेवालाई थप गुणस्तरीय र प्रभावकारी बनाइनेछ साथै नियमित सेवाको पहुँचमा नरहेका जनतालाई स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

२. गुणस्तरीय स्वास्थ्य सेवामा सवै नागरिकको पहुँच सुनिश्चित गर्नका लागि यसै आं.व. भित्र १० शैया मर्स्याङ्दी अस्पताल सञ्चालनमा ल्याईनेछ। सोका लागि आवश्यक पर्ने जनशक्ति र उपकरणहरुको व्यवस्थापनको लागि माथिल्लो निकायहरुमा आवश्यक समन्वय गरि उचित व्यवस्थापन गरिनेछ।

३. आवश्यकता अनुसार प्रदेश अस्पताल, बेसिशहर र अन्य संघ संस्थाहरुको सहयोगमा विशेषज्ञ सेवा सुविधा तथा टेलिमेडिसियन सेवा सञ्चालन गरिनेछ। साथै आवश्यकता अनुसार विभिन्न स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।

४. यस गाउँपालिकाको खुदी र घेर्मुमा सञ्चालित ल्याव सेवालाई थप सुदृढ गर्दै निरन्तरता दिइनेछ।

५. औषधी तथा स्वास्थ्य सामाग्री खरिद लगायत स्वास्थ्य सेवाका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

६. घरमा हुने सुत्केरीलाई शून्यमा झार्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरी घरबाट प्रसुति केन्द्र सम्म निशुल्क एम्बुलेन्समा ल्याउने र पुऱ्याउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

७. लुकेर बसेका क्षयरोगीहरुलाई समयमा नै पत्ता लगाई उपचारको व्यवस्था मिलाउन दुरदराजमा रहेका बस्तीहरुमा प्रादेशिक स्वास्थ्य निर्देशनालय सँग समन्वय गरि क्षयरोग खोजपड्ताल कार्यक्रम सञ्चालन गरीनेछ।

८. विद्यालय स्वास्थ्य शिक्षा तथा समुदाय स्वास्थ्य शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाउदै निरन्तरता दिईनेछ।

९. गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मीहरुलाई आवश्यक अभिमुखीकरण तथा तालिमको व्यवस्था गरिनेछ ।

१०. पालिकामा रहेका मनोसामाजिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुको पहिचान गरी मनोपरामर्श तथा विपन्नहरुलाई निःशुल्क औषधीको व्यवस्था गरिनेछ ।

११. माध्यामिक विद्यालयहरुमा विद्यालय आयुर्वेद स्वास्थ्य र योग शिक्षा कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरुको माध्यमबाट स्वस्थ पालिका बनाउन प्रयत्न गरिनेछ ।

१२. योगको माध्यमबाट रोग प्रतिरोधात्मक क्षमता वृद्धि गराउन जनता आरोग्य तथा स्वस्थ जीवनशैली कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

१३. पालिका भित्र यसै आर्थिक वर्षमा एक व्यवस्थित पार्क तथा खुल्ला व्यायामशाला निर्माण गरिनेछ ।

१४. संघ र प्रदेश सरकार सँगको सहकार्यमा स्वास्थ्य बिमा कार्यक्रमलाई अगाडी बढाइनेछ । साथै अति विपन्न परिवारहरुलाई निःशुल्क स्वास्थ्य बिमालाई निरन्तरता दिईनेछ ।

१५. पोषण लक्षित सामुदायिक कार्यक्रमहरु सञ्चालन गर्दै पोषणमैत्री वडा तथा पालिका घोषणाको लागी आधार तयार गरिनेछ ।

१६. नसर्ने रोगहरुको जोखिमलाई न्युनिकरण गर्न नसर्ने रोगहरुको खोजपड्ताल तथा अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१७. घर परिवार, विद्यालय, सार्वजनिक स्थल, सभा भेलाहरुमा जङ्क फुडलाई न्यूनीकरण गर्दै स्थानीय अर्गानिक खाद्यवस्तुको प्रयोगलाई बढवा दिइनेछ ।

१८. पूर्ण खोप वडा तथा पालिका शुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१९. मदिरा, सुर्तिजन्य पदार्थ तथा लागु औषध नियन्त्रण सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

२०. अनियन्त्रित मदिरा सेवनका कारण समाजमा हुने झै—झगडा मानव स्वास्थ्यमा पर्दै गएको असरहरुलाई मध्य नजर राख्दै मदिरा सेवनलाई निरुत्साहित गर्न मदिरा सेवनबाट मानव स्वास्थ्यमा पर्ने असर र समाजमा उत्पन्न हुने समस्याहरुको बारेमा सचेतना फैलाउने कार्यक्रम अवलम्बन गरिनेछ ।

२१. महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई थप प्रोत्साहन भत्ताको व्यवस्था गरि समुदायको स्वास्थ्य सुधारमा थप कृयाशिल गराईनेछ ।

## ग) खानेपानी, फोहोरमैला व्यवस्थापन तथा सरसफाइ नीतिः-

१. नागरिकहरुलाई सुरक्षित खानेपानीको व्यवस्था गर्न एक घर एक धाराको व्यवस्था नभएको वस्तिहरुको पहिचान गरी सुरक्षित पिउने पानी व्यवस्था गर्ने नीति लिइनेछ ।

२. खानेपानीका मुहान र जलाधार क्षेत्रको संरक्षण गरिनेछ ।

३. खानेपानीका श्रोतहरुको गुणस्तर मापन गरिनेछ ।

४. फोहोरमैला संकलन, वर्गीकरण र यसको उचित व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ । सार्वजनिक स्थल, नदि खोलाहरुमा फोहोर फाल्न निषेध गरिनेछ । साथै फोहोरलाई मोहोरमा रुपान्तरण गर्ने नीति लिइनेछ । थप व्यवस्थापनको लागि अन्य पालिकाहरु सँग आवश्यक समन्वय गरिनेछ ।

५. फोहोरमैलाको उचित व्यवस्थापन गर्न आवश्यकताको आधारमा विभिन्न स्थानहरुमा फोहोर संकलन केन्द्र र उपयुक्त स्थानहरुमा ल्याण्डफिल्ड साईटको व्यवस्था गरिनेछ ।

६. सफा मर्स्याङ्दी गाउँपालिका अभियानलाई निरन्तरता दिइनेछ ।

७. उचित ढल व्यवस्थापन गर्न जोड दिईनेछ ।

८. फोहोरमैला व्यवस्थापनको लागि अन्य स्थानीय तहहरु, समुदाय, गैर सरकारी संघ संस्थाहरु तथा नीजि क्षेत्रसंग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ ।

९. फोहोर मैला व्यवस्थापन र सरसफाइ सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
१०. प्लाष्टिक र शिशाजन्य वस्तुको प्रयोगलाई न्यूनीकरण गर्दै दुना टपरी जस्ता स्थानीय श्रोत साधनबाट निर्मित सामाग्रीको प्रयोगलाई बढवा दिइनेछ । प्लास्टिक प्लेट, कप र चम्चाको प्रयोगलाई थप कडाईका साथ निषेध गरिनेछ।
११. व्यस्त सार्वजनिक स्थानहरुमा शार्वजनिक शौचालय निर्माण कार्य शुरुवात गरिनेछ।

## घ) युवा तथा खेलकुद विकास नीतिः-

१. मर्स्याङ्दी गाउँपालिका खेलकुद विकास समिति द्वारा खेलकुदको योजनाबद्ध विकास गरिनेछ।
२. वडा स्तरीय मर्स्याङ्दी रनिङ शिल्ड खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिनेछ ।
३. एक वडा एक खेलमैदान निर्माण गरी खेलकुदको विकासमा जोड दिइनेछ ।
४. गाउँपालिका भित्र अन्तर क्लव स्तरीय खेलकुद गतिविधिहरुको सञ्चालनलाई व्यवस्थित गरिनेछ।
५. व्यवसायिक खेलाडीको प्रवर्द्धनका लागि विशेष सहयोग कार्यक्रमको व्यवस्था गरिनेछ ।
६. युवा उद्यमशीलता विकास तालिम, व्यावसायिक सिपमूलक शिक्षा र इन्टर्नसिपको व्यवस्था गरिनेछ।
७. युवाहरूको राजनीतिक संलग्नता र नेतृत्व क्षमता विकास गर्दै सामाजिक, आर्थिक र राजनीतिक माध्यमबाट स्थानीय विकास निर्माणमा युवा परिचालन गरिनेछ ।
८. विपद्, महामारी, विकास निर्माण कार्य, सरसफाइ तथा वातावरण संरक्षण र सामाजिक चेतना अभिवृद्धिमा युवा स्वयंसेवकहरूको परिचालन गरिनेछ ।

## ङ) संस्कृति, लक्षित वर्ग, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

## क) ईतिहास, धर्म, संस्कृति नीतिः-

१. परम्परागत प्राचीन मौलिक संस्कार संस्कृति, स्थानीय कला, भेषभुषाको संरक्षण, जगेर्ना, विकास र प्रवर्द्धनमा जोड दिइनेछ । घयाप्रे, पोसी, पच्यु, लामा, बालुन, रोधी, सोरठी, घाटु, कृष्ण चरित्र, सेर्गा, तमरोछोरी, झ्याउरे, तामाङ सैलो, भजन, चुड्का, स्याब्रु, लाखे नाँच जस्ता साँस्कृतिक सम्पत्ति तथा परम्परागत पञ्चेबाजा तथा अन्य लोक बाजाहरुको संरक्षणमा जोड दिइनेछ।
२. स्थानीय कला, संस्कृतिको जगेर्ना र कृषि उत्पादनलाई प्रोत्साहन गर्दै आर्थिक प्रवर्द्धनको लागि बृहत मर्स्याङ्दी सांस्कृतिक महोत्सव तथा कृषि मेला आयोजना गरिनेछ।
३. पुरातात्विक महत्वको स्थान र सामग्रीको पहिचान तथा संरक्षण गरिनेछ ।
४. परम्परागत पानी घट्ट, ढिकी जाँतोको संरक्षण प्रवर्द्धन गरिनेछ ।
५. घेर्मु १६ औं शताब्दीको घले राजाको राजधानी भएको ऐतिहासिक स्थल संरक्षण संवर्द्धन गरिनेछ।

**ख) महिला समानता र सशक्तीकरण सम्बन्धी नीति:**

१. स्थानीय तहको रोजगारी, उपभोक्ता समिति र व्यवस्थापन समिति गठन गर्दा ३३ प्रतिशत महिलाहरुको सहभागिता सुनिश्चित गरिनेछ ।
२. महिला लक्षित आयमूलक तथा सीप विकास तालिम व्यवस्था गरी कार्यान्वयनमा ल्याइने छ।
३. वडा तथा गाउँपालिकास्तरीय महिला सशक्तीकरणको अभियानलाई निरन्तरता दिईनेछ
४. वालविवाह, लैङ्गिक हिँसा, घरेलु हिसा, बोक्सी जस्ता अमानवीय कुराहरुको निर्मुल पार्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
५. एकल महिलाहरुको वर्गिकरण गरी राज्यले दिँदै आएको सुविधालाई व्यवस्थित गरिनेछ । एकल महिलाहरुका लागि आय आर्जन तथा सीप विकासको व्यवस्था गरिनेछ ।

**ग) जेष्ठ नागरिक सम्बन्धी नीति:**

१. जेष्ठ नागरिकहरुको अनुभव तथा सीप पछिल्लो पुस्तामा हस्तान्तरण गर्नका लागि प्रत्येक वडामा वडा स्तरीय जेष्ठ नागरिक सञ्जाल गठनलाई निरन्तरता दिईनेछ ।
२. ६० वर्ष देखि ६९ वर्ष उमेर समूहका एकल पुरुषलाई सम्मान स्वरुप उपलब्ध गराउदै आएको मासिक सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिईनेछ ।
३. वार्षिक रुपमा कम्तीमा एकपटक जेष्ठ नागरिकहरुलाई धार्मिक पर्यटकीय ऐतिहासिक स्थलहरुमा सद्भावना तथा देशदर्शन भ्रमणलाई निरन्तरता दिईनेछ ।
४. जेष्ठ नागरिक सम्मान कार्यक्रमहरु आयोजना गरिनेछ ।
५. ७० वर्ष उमेर पुरा भएका जेष्ठ नागरिकहरुलाई जिल्ला अस्पताल सम्मको निशुल्क एम्बुलेन्स यातायातको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

**घ) बालबालिका सम्बन्धी नीति:**

१. विपन्न वर्ग तथा विपद्मा परेका बालबालिकाको सर्वाङ्गीण विकास गर्न वालसंरक्षण कोष संचालनलाई निरन्तरता दिईनेछ ।
२. गरीब, असहाय, अपाङ्ग, अशक्त बालबालिकाको लागि शिक्षा स्वास्थ्यमा पहुँच पुऱ्याउन विशेष व्यवस्था गरिनेछ ।
३. विद्यालय स्तरीय, वडा स्तरीय र गाउँपालिका स्तरीय बालक्लव गठन गरिनेछ ।
४. बालबालिकामा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गराउन अन्तरविद्यालय गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
५. वालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरु पूरा गर्ने गरी वालमैत्री वडा घोषणा गर्दै बालमैत्री गाउँपालिका घोषणा गरिनेछ ।
६. बालश्रमको अन्त्य, बालमैत्री शासन तथा कार्यक्रमको तर्जुमा गरिनेछ ।
७. विभिन्न स्थानहरुमा वाल उद्यान निर्माण कार्यको थालनी गरिनेछ ।

## ङ) अपाङ्ग, असहाय, अल्पसङ्ख्यक, मनोसामाजिक समस्या सम्बन्धी नीति :

१. 'घ' वर्गको अपाङ्ग, अशक्त, अल्पसंख्यकहरुलाई शिक्षा आयआर्जन सम्बन्धी सीप विकास र राहतको विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।

२. अपाङ्गताको अवस्था हेरी सो व्यक्ति वा परिवारलाई लक्षित गरी विशेष सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याइने ।

३. 'ग' वर्गको अपाङ्गता भएका व्यक्तिहरुलाई उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिईनेछ ।

४. मनोसामाजिक समस्या भएका व्यक्तिहरुको स्वावलम्बन समुहहरु बनाई आय आर्जनको कार्यक्रमहरु लागु गरिनेछ ।

५. आफ्नो लागि आफैं केही गर्न नसक्ने अवस्थामा रहेका, हेरचाह र पालन पोषण समेत गरिदिने कोही नभई जीवन नै जोखिममा रहेका सडक आश्रित सहयोगापेक्षी नागरिकहरु, अपाङ्गता भएका व्यक्ति एवम् मनोरोगीहरुको उद्धार एवम् व्यवस्थापनको लागि विभिन्न संघ संस्थाहरु सँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

## च) जनजाति, दलित सम्बन्धी नीति :

१. वडा तथा गाउँपालिकास्तरीय दलितहरुको सञ्जाल गठन गरी सशक्तीकरणको अभियानमा अगाडी बढाइनेछ ।

२. दलितहरुले गर्दै आएको पेशा तथा व्यवसायलाई संरक्षण तथा प्रवर्द्धन गर्ने कार्यक्रमको व्यवस्थापन गरिनेछ ।

३. छुवाछुतलाई सामाजिक र कानुनी अपराधको रुपमा लिई सामाजिक विभेदको अन्त्य गरिनेछ।

४. जनजातिहरुको सीपमा आधारित घरेलु उद्योगधन्दाहरु राडी पाखी, बख्खु, चोया डोका आदिको संरक्षण एव व्यवसायिक उत्पादनमा जोड दिइनेछ ।

५. आदिवासी जनजातिहरुको हकहित तथा अधिकारको संरक्षण गरिनेछ ।

## छ) बालविवाह, लैङ्गिक हिंसा सामाजिक कुरीति, विभेद र छुवाछुत अन्त्य गर्ने अभियान सम्बन्धी नीति:

१. बालविवाह गर्नु कानुनको विपरित र अपराध समेत भएकाले बाल विवाह अन्त्य गर्न विद्यालय र वडा स्तरीय कानुनी सचेतना र सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ । वाल विवाह मुक्त पालिका घोषणा गर्दै वाल मैत्री स्थानीय शासनको आधार तयार गरिनेछ ।

२. महिलाहरु माथि लिङ्गकै आधारमा हुने भेदभाव, हिंसा, अपहेलना र बहिष्करण अन्त्य गर्ने अभियान सञ्चालन गर्दै महिला माथि हुने हिंसाको दोषी माथि कानुनी कारबाही गर्न आवश्यक समन्वय, सहयोग र सहजीकरण गरिनेछ ।

**ञ) उपभोक्ता हित सम्बन्धी नीति :**

१. उपभोक्ता मञ्च गठन गरिनेछ ।

२. कृषि उत्पादनको समर्थन मुल्य निर्धारण गरि किसान र उपभोक्ता बीच सन्तुलन कायम गरिनेछ ।

३. खाद्य वस्तु, बजार मूल्य, सार्वजनिक यातायात भाडाको नियमित अनुगमन गरि नियमन गरिनेछ ।

**झ) शहिद तथा वेपत्ता योद्धा र शहिद परिवार सम्बन्धी नीतिः**

लोकतन्त्र, गणतन्त्र प्राप्तीको लागि र महङ्गी, भ्रष्टाचार विरुद्धको आन्दोलनमा शहादत प्राप्त गर्नुहुने सम्पूर्ण शहिदहरुको सम्मान र सम्झनामा गाउँपालिकाको संरक्षकत्वमा स्थापना गरिएको शहिद तथा वेपत्ता स्मृति अध्ययन केन्द्रलाई थप व्यवस्थित गरिदै लगिनेछ र शहिद तथा वेपत्ता योद्धाहरुको स्मरणमा स्मृति, कार्यक्रमहरु सञ्चालन गर्ने र जीवनीहरु प्रकाशन गर्ने आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिनेछ ।

**ञ) राष्ट्रिय व्यक्तित्व, स्थानीय राजनैतिक, सामाजिक अभियन्ताहरुको सम्मान तथा स्मरण सम्बन्धी नीतिः—**

१. गाउँपालिकाको भूगोलभित्र जन्मिएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त व्यत्तित्वहरु डा. हर्क गुरुङ, राष्ट्रकवि माधव प्रसाद घिमिरे, राष्ट्रिय बिभुति वीर भक्ति थापा, कविवर डिल्लीजङ्ग गुरुङ, नर जङ गुरुङ, पहिलो प्रधानाध्यापक बद्रिनाथ सुवेदी लगायत विभिन्न कालखण्डका जनप्रतिनिधि, शैक्षिक व्यक्तित्व र सामाजिक अभियन्ताहरुको जीवनी प्रकाशन गर्न आवश्यक समन्वय, सहजीकरण र सहयोग गरिनेछ ।

२. राष्टकवि माधव प्रसाद घिमिरे र डा. हर्क गुरुङको सम्मान तथा स्मरणमा बेसीशहर-चामे सडकको नामाकरणका लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरुसँग आवश्यक समन्वय गर्दै थप पहल गरिनेछ ।

३. मर्स्याङ्दी -६ स्थित चन्द्रोदय मा.वि. र मर्स्याङ्दी -७ स्थित महेन्द्रदेव मा.वि.को नाम परिवर्तन गरी क्रमश राष्ट्रकवि माधव प्रसाद घिमिरे मा.वि. र डा. हर्क गुरुङ मा.वि. राख्न गरिएको निर्णयलाई कार्यन्वयन गर्न नेपाल सरकार, शिक्षा मन्त्रालयसँग निरन्तर प्रयत्न गरिनेछ ।

❖ **वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीतिः-**

१. गाउँपालिकाका विपद् जोखिम क्षेत्रहरुको पहिचान तथा नक्साङ्कन गरी आवश्यकता अनुसार बस्ती स्थानान्तरणको नीति लिइनेछ ।

२. विपद् व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयनलाई थप प्रभावकारी बनाईनेछ ।

३. भू—क्षय तथा नदी नियन्त्रण, सेनेटरी ल्याण्डफिल्ड साइट निर्माण, जग्गा पुनर्स्थापना जलवायु परिवर्तन, प्राकृतिक ताल तलैया र सिमसार क्षेत्रको संरक्षण गरिनेछ ।

४. कार्वन उतसर्जन न्यनिकरण हुने गरी लघुविद्युत, सौर्य तथा वायु ऊर्जा, वायोग्याँस, ग्रामीण ऊर्जा र सुधारिएको चुल्हो जस्ता नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।

५. वनजन्य जडीबुटिहरुको सङ्कलन तथा प्रशोधन र जडिबुटिको व्यवसायिक खेतीको शुरुवात गर्दै रोजगारी सिर्जना गरिनेछ ।
६. ACAP, MCAP सामुदायिक बन उपभोक्ता महासँघ, बन उपभोक्ता समितिहरु सँग सहकार्य गरी वन, वन्यजन्तु संरक्षण र पर्यटन व्यवसायलाई प्रवर्द्धन गरिनेछ ।
७. बनमासा झार, बाँदर आदिले परेका प्रभावहरुलाई न्यूनिकरण गर्न आवश्यक पहल गरिनेछ ।
८. वनजन्य कच्चा पदार्थमा आधारित घरेलु उद्योगहरुको प्रवर्द्धनमा जोड दिइनेछ ।
९. विद्युतीय चुल्होको प्रयोग बढाउन अनुदानमा विद्युतीय चुल्हो वितरण कार्यक्रमबाट धुवाँरहित भान्छाघरको रुपमा विकास गरिनेछ ।
१०. पूर्वाधार विकास कार्य गर्दा बायोईन्जिनियरिङमा जोड दिइनेछ ।जसमा बाँस, निगाँलो, अम्रिसो, बेद बाँस जस्ता विरुवाहरु लगाई आय आर्जन वृद्धि गरिनेछ ।
११. विपद्बाट हुने मानवीय तथा भौतिक क्षति रोक्न भूसंरक्षण तथा पहिरो नियन्त्रण सम्बन्धी कार्यहरू र नदी तटबन्धन तथा बाढी नियन्त्रणसम्बन्धी कार्यहरू गरिनेछ ।
१२. वन डँढेलो हुन नदिन सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । डँढेलोबाट हुनसक्ने क्षति रोक्ने प्रतिकारात्मक तथा उपचारात्मक कार्यक्रम तय गरिनेछ ।
१३. बन्यजन्तु तथा जटिबुटि लगायत बनपैदावरको चोरी निकासी रोकथामको लागि कडाईका साथ नियमन गरिनेछ ।
१४. विभिन्न प्रकारका विपद्हरूको सामना गर्न पूर्वतयारी तथा आपतकालीन उद्धार, राहत एवं पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्यहरू गरिनेछ ।
१५. सामुदायिक वन उपभोक्ता समितिसँगको सहकार्यमा जडिबुटी एवं वन पैदावर उत्पादन, प्रशोधन तथा बजारीकरणसम्बन्धी कार्यहरू गरिनेछ ।
१६. ढुङ्गा गिटी, बालुवा जस्ता प्राकृतिक स्रोतको उचित प्रयोग र परिचालन गर्न आवश्यक प्रकृया पुरा गर्दै वातावरणमा ह्रास नहुने गरि स्थानीय जनतासँग समन्वय गर्ने नीति लिइनेछ
१७. विपद्बारे आइपर्ने मानवीय तथा भौतिक क्षतिको अवलोकन गरी विपद् व्यवस्थापन कोषबाट कार्यविधि अनुसार राहत वितरणलाई निरन्तरता दिइनेछ ।
१८. वडास्तर र गाउँपालिकास्तरमा बनेको विपद् व्यवस्थापन समिति, स्वास्थ्यकर्मी, सुरक्षा निकाय, रेडक्रस जस्ता संघ संस्थाहरुसँग सहकार्य गर्दै विपद् व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ।
१९. स्थानीय विपद तयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यन्वयन मार्फत विपद व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।
२०. वातावरण तथा विपद् सम्बन्धी बिभिन्न सचेतनामुलक कार्यक्रमहरु आयोजना गरिनेछ । विभिन्न स्थानहरुमा सुचनामुलक बोर्डहरुको व्यवस्थापन गरिनेछ ।
२१. जलविद्युत आयोजना लगायत विभिन्न पूर्वाधार निर्माण आयोजनाहरुबाट हुने फोहोरमैला व्यवस्थापनको लागि सम्बन्धित आयोजनालाई जिम्मेवार बनाईनेछ ।
२२. फजुल खर्च गरि जन्मदिन मनाउने परम्परा भन्दा जन्मदिनमा विरुवा रोपेर प्रकृति र वातावरण संरक्षण गर्ने वा असक्त असाहयहरुलाई सहयोग गरि जन्मदिन मनाउने परम्पराको विकास गर्न जोड दिईनेछ ।

२३. गाउँपालिका भित्रका जग्गाहरुको उचित प्रयोग र व्यवस्थापनको लागि भू-उपयोग मापदण्ड तर्जुमा गरी कार्यन्वयन गरिनेछ ।

२४. वातावरणीय सौन्दर्यताको लागि सडक किनारा, झरनाहरु र पार्कहरुमा फूलको बोट बिरुवाहरु लगाउने अभियान चलाईनेछ ।

## ❖ पूर्वाधार विकास नीतिः

**क) सडक, भवन तथा पुलः-**

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४५ को उपदफा २ मा गाउँपालिकाले राष्ट्रिय तथा प्रदेश स्तरीय सडकको दायाँ बायाँ अधिकार क्षेत्र (राइट अफ वे) पालना गराउनु पर्ने व्यवस्था भए अनुसार यस गाउँपालिका भित्र पर्ने सडकको मापदण्डको लागि आवश्यक कानून बनाइ लागू गरिनेछ ।

२. प्राथमिकताको आधारमा योजना छनौट गरी कार्यन्वयन गरिनेछ ।

३. अन्नपूर्ण चक्रीय वैकल्पिक पैदल मार्गको संघ तथा प्रदेश सरकारको साझेदारीमा निर्माण कार्यलाई अगाडी बढाउन आवश्यक पहल गरिनेछ ।

४. गाउँपालिका भित्र आवश्यक ठाउँहरुमा झोलुङ्गे पुल निर्माण गरिनेछ ।

५. सामुदायिक भवनहरुको मर्मत सम्भारमा विशेष ध्यान दिइनेछ ।भवनहरुलाई बहु उद्धेशिय प्रयोजनमा ल्याईनेछ ।

६. सडकले काटिएको जग्गाहरुको लगत कट्टा गर्न आवश्यक पहल गरिनेछ ।

७. उत्पादनमुलक क्षेत्रको पूर्वाधार निर्माणमा बजेटलाई विशेष प्राथमिकतामा राखिनेछ ।

८. एक वस्ति एक योजनाको अवधारणामा योजनाहरु छनौट गरिनेछ ।

९. अति आवश्यक साना योजनाहरुको व्यवस्थापन गर्न विशेष बजेटको व्यवस्था गरिनेछ ।

१०. उपभोक्ता र टेण्डर मार्फत गरिने कार्यहरुलाई थप व्यवस्थित र प्रभावकारी बनाउन वडा र पालिका स्तरिय अनुगमन समितिहरुलाई थप क्रियाशिल बनाईनेछ ।

११. पूर्वाधार विकास कार्यक्रमलाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार सम्पूर्ण प्राविधिकलाई थप दक्षता तथा क्षमता विकास सम्बन्धि तालिमहरुको आयोजना गरिनेछ ।

१२. शुरुवात भएको भुलभुले - बालुवा - डादी - १० शैया अस्पताल - दोभानचौर - अर्खलेबैंसी सडक कालो पत्रे कार्यलाई थप बजेटको व्यवस्थापनमा आवश्यक पहल गरिनेछ ।

१३. मर्स्याङ्दी गाउँपालिका प्रवेशद्धारमा मर्स्याङ्दीमा जन्मिनु भएका राष्ट्रिय विभुतिहरु र महत्वपूण पर्यटकिय स्थानहरुको चिनारी राखिनेछ ।

१४. पालिकाको गौरवको योजनाहरु निर्धारण गरिनेछ । एक वस्ति एक योजना अवधारणालाई कार्यन्वयन गर्दै खुद्रे र साना योजनाहरुलाई न्युनिकरण गरिनेछ ।

१५. विभिन्न संघ संस्थाहरु, स्थानीय तह, प्रदेश सरकार र संघ सरकार सँगको लागत साझेदारीमा विभिन्न योजनाहरु सञ्चालन गरिनेछ ।

१६. हाम्रो सडक हाम्रो सहभागिता, स्तरीय सडक हाम्रो प्रतिबद्धता अनुरुप गाउँपालिका भित्रका कच्ची सडकहरुलाई नाली, कल्भर्ट सहित कालो पत्रे सडकमा स्तरोन्नती गरिनेछ । सबै सडकहरुलाई बाह्रै महिना सञ्चालनमा ल्याउन पहल गरिनेछ ।

१७. गाउँपालिका अन्तर्गत रहेका विभिन्न भौतिक संरचनाहरु जस्तै सामुदायिक भवन, धर्मशाला, गुम्बा, मन्दिर आदिको दिर्घकालिन संरक्षण, सेन्चालन एवं सम्बर्द्धनको लागि सञ्चालन तथा व्यवस्थापन समितिहरु बनाई हस्तान्तरण गर्दै लगिनेछ ।

१८. पालिका स्तरीय खेल मैदान निर्माणका लागि मापदण्ड, भौगोलिक अवस्था पुगेका खेल मैदानहरुलाई बजेटको प्राथमिकतामा राखिनेछ ।

१९. ठूला आयोजनाहरुको सम्भाव्यता अध्ययन तथा डिपिआर गरी सामाजिक, आर्थिक र वातावरणीय दृष्टिकोणबाट सम्भाव्य आयोजनाहरुको कार्यन्ययनमा जोड दिईनेछ । अधुरा र क्रमागत योजनाहरुलाईं बजेटमा प्राथमिकतामा राखिनेछ ।

२०. गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्नका लागि निर्माण गरिएको १० शैया अस्पतालमा थप बजेटको व्यवस्थापन गरी आ.व. २०८३/०८४ को प्रारम्भमा सञ्चालनमा ल्याईनेछ । आवश्यक जनशक्ति तथा उपकरणहरु संघ तथा प्रदेश सरकार सँग माग गरिनेछ ।

२१. निर्माण सामाग्री तथा निर्माण कार्यको गुणस्तर परिक्षण गर्ने सामाग्रीहरुको व्यवस्थापन गरी योजनाहरुको गुणस्तर सुधार गरिनेछ ।

२२. गाउँपालिका भित्रका कृषि क्षेत्रहरुमा टेवा पुग्ने गरी कृषि सडक निर्माणलाई प्राथमिकतामा राखिनेछ ।

२३. पूर्वाधार निर्माण गर्दा महिला मैत्री, वाल मैत्री, अपाङ्गमैत्री तथा वातावरण मैत्री बनाउने नीति लिईनेछ ।

२४. विकासको दृष्टिकोणले पछाडि परेका वडाहरुमा सन्तुलित विकास गर्ने नीति अवलम्बन गरिनेछ । सोही अवधारण अनुरुप जनसंख्या, भूगोल, विकासको अवस्था, आन्तरिक आय जस्ता सुचकहरुको आधारमा वडाहरुमा बजेट बाँडफाड गर्ने नीति लिईनेछ ।

**ख) विद्युत तथा ऊर्जा विकास -**

१. साना जलविद्युत आयोजनाको सम्भावना अध्ययन गरी सार्वजनिक—निजी साझेदारीमा सञ्चालन गर्नको लागि आवश्यक ऐन, नियमावली र कार्यविधि तर्जुमा गरि कार्यान्वयनमा ल्याईनेछ ।

२. वैकल्पिक ऊर्जामा संघ र प्रदेश सरकारसँग अनुदान माग गरी होमस्टे सञ्चालन भएका बस्तीहरु र बजार क्षेत्रहरुमा सोलार बत्तीको व्यवस्था गरिनेछ ।

३. "मर्स्याङ्दी गाउँपालिकाको पानी ऊर्जामा लगानी लाई अभियानको रुपमा अगाडी बढाई हाइड्रोमैत्री गाउँपालिका घोषणा गर्ने आवश्यक प्रक्रिया अगाडी बढाइनेछ, साथै गाउँपालिकाभित्र निर्माणाधीन जलविद्युत आयोजनाहरु समयमा नै सम्पन्न गर्नका लागि आवश्यक समन्वय, सहजीकरण र सहयोग गरिनेछ ।

४. **"जलविद्युतको आम्दानी, उज्यालो मर्स्याङ्दीमा लगानी"** कार्यक्रम घोषणा गरि मर्स्याङ्दीवासीले उपयोग गरेको ५० युनिट सम्मको विद्युत महसुल निःशुल्क गरिनेछ ।

५. मर्स्याङ्दी, खुदी र डादी करीडोरमा सञ्चालन हुने जलविद्युत आयोजनाहरुलाई वातावरणिय अध्ययन प्रतिवेदन अनुसार संस्थागत सामाजिक दायित्व अन्तर्गतका कार्यक्रमहरु सञ्चालनमा गाउँपालिकाको समन्वयमा पारदर्शी रुपमा सञ्चालन गर्न लगाइने ।

६. सञ्चालित जलविद्युत आयोजनाहरुमा स्थानीय स्रोत, साधन र श्रमको उपयोगमा आवश्यक पहल गरिनेछ ।

७. जलश्रोत र जलविद्युतको विकासलाई मर्स्याङ्दी गाउँपालिकाको रोजगारी, समृद्धि र विकासको आधार बनाइनेछ ।

८. जीर्ण पोलहरुलाई स्टिल पोल, सिङ्गल फेजहरुलाई थ्रि फ्रेजमा परिणत गर्दै ट्रान्सफरमरहरुको क्षमता र गुणस्तरता ध्यान दिँदै विद्युतीकरणको स्तर उन्नतिमा जोड दिइनेछ । नाङ्गो तारहरु हटाई कालो तार राख्न शुरुवात गरिनेछ ।

**ग) आवास व्यवस्थाः**

१. बजार तथा सडक क्षेत्रमा भवन संहिता एवं मापदण्डको तर्जुमा गरी कार्यान्वयन र अनुगमन गरिनेछ ।

२. घर नक्सा पास प्रणालीलाई कार्यान्वयनमा ल्याई घर भवन निर्माणको नियमित अनुगमन गरिनेछ।

३. राष्ट्रिय भवन संहिताको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

४. एक गाउँ एक बहुउद्देश्यीय सामुदायिक भवन निर्माण तथा स्तरोन्नति गरिनेछ ।

❖ **न्यायिक नीति मेलमिलाप सम्बन्धी**

१. स्थानीय सरकारलाई संविधानले न्यायिक अधिकार समेत प्रदान गरेकाले न्यायिक समिति मार्फत समाजमा हुने विवादलाई मेलमिलाप गराउने, र अन्यायमा परेका पीडित व्यक्तिहरुलाई क्षतिपूर्ति सहितको न्याय दिलाउने व्यवस्था गरिनेछ ।

२. न्यायमा स्थानीय जनताको पहुँच र सुनिश्चितता छिटो छरितो गरिनेछ ।

३. समाजमा साम्प्रदायिक सद्भाव र सामाजिक एकतालाई सुदृढ बनाइनेछ ।

४. कानुनी सचेतना र कानून सम्बन्धी अभिमुखीकरण मार्त माध्यमिक विद्यालयका विद्यार्थीहरु, टोल बिकास संस्था, आमा समूह, युवा क्लवका सदस्यहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

५. वालविवाह, जातीय भेदभाव, छुवाछुत, लैङ्गिक हिंसा उन्मुलन, मदिरा नियन्त्रण अभियान सञ्चालन गरिनेछ ।

६. न्यायपूर्ण समाज निर्माणको लागि समाजमा घट्ने कुलत, जुवातास अन्त्यको लागि सामुदायिक प्रहरी साझेदारी कार्यक्रमका साथै युवा क्लव, आमा समूहको साझा सक्रियतामा सार्वजनिक स्थलहरुमा मदिराजन्य वस्तुको उपभोगमा नियन्त्रण गरिनेछ ।

❖ **भूमि नीतिः-**

१. भू–उपयोगको नीति अवलम्बन गरी जमिनको माटो परीक्षण गरी उचाइ अनुसारको सम्भावना भएको कृषि उत्पादनका लागि उर्वर भूमिको उपयोगमा जोड दिइनेछ । साथै उर्वरशील, समथर भू–भागमा वस्ती विकासमा रोक लगाई सिंचाइको व्यवस्था गरी जमिनलाई अधिकतम उपभोगमा ल्याउन पहल गरिनेछ ।

२. बाँझो जमिनको तथ्याङ्क सङ्कलन गरी कृषि, वनसँग सम्बन्धित खेती सञ्चालन गर्नलाई प्रोत्साहन गरिनेछ ।
३. सार्वजनिक जग्गाहरुको पहिचान, लगत सङ्कलन, संरक्षण र उपयोगको नीति लिइनेछ ।
४. खाद्यबाली, नगदेबाली, फलफूल, तरकारी, जडीबुटीको क्षेत्र निर्धारण गरी उत्पादन वृद्धि गरिनेछ।
५. ए"नराखौं बाँजो लगाऔं खेति, एक पटक होईन तिन चोटी" भन्ने नारलाई साकार बनाउन जमिन बाँझो राख्न नपाइने नीति अवलम्बन गर्दै भूउपयोग कार्यक्रम लागू गरिनेछ ।
६. जोखिमयुक्त बस्ती, घरहरूको स्थानान्तरण तथा व्यवस्थापन गरिनेछ ।
७. सार्वजनिक जग्गा संरक्षण र विकास तथा व्यवस्थापन गरिनेछ ।

**क) <u>संस्थागत संरचना, सेवाप्रवाह, सुशासन तथा पारदर्शिता सम्बन्धी नीतिः-</u>**

१. आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाई संस्थागत सुशासन कायम गरिनेछ।
२. प्रत्येक नागरिकलाई सूचनाको हक भएकाले गाउँपालिकाभित्र भएका विभिन्न योजना, कार्यक्रम, निर्णय, खर्च तथा अन्य सूचनाहरु गाउँपालिकाको आधिकारिक वेवसाइट तथा अन्य विद्युतीय माध्यमबाट सूचना प्रसारण गर्ने व्यवस्था गरिनेछ ।
३. गाउँपालिकाले प्रवाह गरेको सेवा तथा कार्यान्वयनमा रहेका आयोजना तथा विभिन्न विषयहरुलाई जनता सामु लैजान तथा जनताको पृष्ठपोषण लिन एक आर्थिक वर्षमा कम्तीमा दुई पटक सार्वजनिक सुनुवाइको कार्यक्रम राखिनेछ ।
४. राजस्व सङ्कलन प्रणालीलाई अनलाइनको माध्यमबाट थप व्यवस्थित बनाइनेछ ।
५. कर्मचारीहरुको क्षमताविकास तथा प्रोत्साहन गर्दै, गाउँपालिकाभित्र आउने सेवाग्राहीलाई छिटो, छरितो, चुस्त दुरुस्त सेवा प्रदान गर्दै मुस्कान सहितको सेवाप्रवाह गरिनेछ ।
६. डिजिटल नागरिक बडापत्र र सोको प्रभावकारी कार्यान्वयन एवम् अनुगमन गरिनेछ ।
७. भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्दै भ्रष्टाचारीलाई सामाजिक वहिस्कार गर्दै भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाइनेछ ।
८. राष्ट्रिय विभूति, अन्तर्राष्ट्रिय व्यक्तित्व, शहिद, शिक्षाप्रेमी तथा सामाजिक अभियन्ता, साहित्यकार, कलाकार, पत्रकार, खेलाडी, उद्यमी, आमा समूह, युवा क्लव, संघ संस्थाहरुलाई सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।
९. लेखा प्रणाली, लेखापरीक्षण र लेखा समितिको कार्य सम्पादनलाई व्यवस्थित गरिनेछ ।
१०. गाउँपालिकामा शान्ति सुरक्षा र अमनचयनलाई भरपर्दो बनाइनेछ । सबै प्रकारको अराजकताको अन्त्य गरी कुनै पनि प्रकारको अपराधलाई न्यायको कठघरमा उभ्याई कानुनी कारवाहीको दायरामा ल्याइनेछ ।
११. पदाधिकारी र कर्मचारीहरुलाई क्षमता विकासका कार्यक्रमहरुमा जोडिनेछ।
१२. एक व्यक्ति एक पदको अवधारणालाई नीतिगत रुपमा व्यवस्था गर्दै संस्थागत नेतृत्व सफल र प्रभावकारी बनाउन पहल गरिनेछ।
१३. अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत विच र प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु विच कार्य सम्पादन सम्झौता गरि सेवा प्रवाहलाई थप व्यवस्थित गरिनेछ।

१४. गाउँपालिकाको कार्यालय, वडा कार्यालय र विभिन्न शाखाहरुबाट सेवा प्रवाहमा भएको झन्झट, ढिला सुस्ति, र काम नगरि दिएको भन्ने जस्ता गुनासोहरुलाई पूर्ण रुपमा अन्त्य गर्न तथ्य र आधार सहित लिखित रुपमा सूचना अधिकारी मार्फत वा टेलिफोन, मेसेज, ईमेल मार्फत गाउँपालिकाको अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतलाई सोझै सम्पर्क वा जानकारी गर्ने व्यवस्था मिलाईनेछ ।

१५. गाउँपालिकाको कार्यलय, वडा कार्यालयहरु र गाउँपालिकाको मातहतको कार्यालयहरुमा डिजिटल हाजिरीको व्यवस्था गरिदै लगिनेछ ।

१६. स्थानीय बजार अनुगमन तथा उपभोक्ता शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन मार्फत उपभोक्ताको हक, हितको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

१७. अन्तर स्थानीय तह सहकार्य तथा साझेदारीका क्षेत्र पहिचान गरी आपसी साझेदारीमा आयोजना/कार्यक्रम कार्यान्वयन गरिनेछ ।

## ख) स्थानीय अभिलेख व्यवस्थापन, सञ्चार तथा सूचना प्रविधि सम्बन्धी नीतिः-

१. एफ.एम.रेडियो, पत्रपत्रिका, टेलिभिजन एवम् सामाजिक सञ्जालको अधिकतम प्रयोग मार्फत जनचेतना, कृषि सेवा, मौसमको पूर्वानुमान, यातायात तथा ट्राफिक सूचना, बजार मूल्य, विपद् तथा महामारी विरुद्ध सचेतना तथा पालिकाले गर्ने विकासको संप्रेषण गरिनेछ ।

२. गाउँपालिकाभित्र रहेका सम्पूर्ण शैक्षिक तथा स्वास्थ्य संस्थाहरुलाई प्रविधिमैत्री तालिम सञ्चालन र व्यवस्थापन गरिनेछ ।

३. गाउँपालिकाका सम्पूर्ण खातापाता, ढड्डामा रहेका सम्पूर्ण विवरणलाई डिजीटलाइजेशन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४. गाउँपालिकामा फोन र इमेल मार्फत गुनासो राख्न सक्ने तथा प्राप्त गुनासो फछ्यौंट गर्ने प्रणालीको व्यवस्था गरिनेछ ।

५. सेवाग्राहीलाई कार्यालय सम्म जानु पर्ने अवस्थाबाट सहज बनाउन विद्युतीय सञ्चार माध्यमहरुबाट हुन सक्ने सेवा प्रवाहलाई सोही बमोजिम व्यवस्था मिलाईनेछ ।

६. मर्स्याङ्दी गाउँपालिकाको डिजिटल प्रोफाइललाई अद्यावधिक गरिनेछ ।

७. सार्वजनिक एवम् सरकारी सम्पत्तिको अभिलेख सङ्कलन, संरक्षण र व्यवस्थापन गरिनेछ

८. सुरक्षाको दृष्टिकोणबाट विभिन्न बजारहरुमा सि सि क्यामेरा जडान गर्दै लगिनेछ ।

## ग) गैर सरकारी संघ/संस्था तथा सहकारी क्षेत्र सम्बन्धी नीतिः–

१. सहकारीलाई उत्पादन, प्रशोधन र वितरणसम्म प्रभावकारी बनाई रोजगारीको आधार स्तम्भ विस्तार गरिनेछ ।

२. सहकारीलाई सेवामुखी बनाई सहकारी सिद्धान्त अनुसार सञ्चालन गरिनेछ

३. सहकारीहरुमा देखिएको समस्याहरु ऋण असुली र अपचलनलाई नियमन गर्दै लगानीमैत्री वातावरण निर्माण गर्न आवश्यक पहल गरिनेछ । अनुगमनलाई कडाईका साथ कार्यन्वयन गरिनेछ ।

४. सहकारी संस्थाहरुलाई थप व्यवस्थित बनाउन विभिन्न नीती, विनियम, निर्देशिकाहरुको मस्यौदा तयार पारी सहकारी संस्थाहरुलाई कार्यन्वयन गर्न लगाईनेछ ।

५. बैङ्किङ र सहकारी क्षेत्रलाई लक्षित वर्गको पहुँच सुनिश्चित गरी चक्रीय कोष निर्माण गरी कृषि, पशुपालन र अन्य आयमुलक कार्यक्रमहरुमा उनीहरुलाई सक्रिय सहभागिता गराइनेछ।
६. सबै वर्गका जनसमुदायलाई वित्तीय पहुँचको सुनिश्चितताको लागि एक घर एक खाताको नीति लागू गर्न बैङ्क तथा सहकारीलाई परिचालित गरिनेछ ।
७. गाउँपालिका स्तरीय सहकारी सञ्जाललाई थप प्रभावकारी बनाईनेछ ।
८. गै.स.स.को लगानीलाई सरकारी लगानीको परिपूरकको रुपमा स्थापित गरी व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।
९. उपभोक्ता समितिहरुको बैङ्किङ कारोवारको लागि थप सहजता होस् भन्ने हेतुले आफुलाई पाइक पर्ने बैङ्कमा खाता सञ्चालन गर्न र यस गाउँपालिका वासीहरुको सहजताको निम्ति अन्य बैङ्कहरुको शाखा सञ्चालनको निम्ति आवश्यक पहल गरिनेछ।

**घ) स्थानीय स्रोत–साधन तथा राजस्व परिचालन:**

१. स्थानीय अधिकारका खानी तथा खनिज पदार्थको उत्खनन, संरक्षण एवम् परिचालन सम्बन्धी नीति तथा कानुनी व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।
२. स्थानीय तहलाई प्राप्त अधिकार अनुरूप स्थानीय कर, सेवा शुल्क तथा दस्तुर परिचालन एवं राजस्व छलीमा नियन्त्रण गरिनेछ ।
३. सूचना प्रविधिमा आधारित करदाताको विवरण तथा राजस्व सङ्कलन व्यवस्था, राजस्व परिचालनको दीर्घकालिन योजना तर्जुमा, कार्यान्वयन र मुल्यांकन गरी अगाडि बढिनेछ
४. सङ्घीय एवं प्रादेशिक कानुनबमोजिम प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी सङ्कलनको विधि, समन्वय, सहजीकरणका प्रयासहरु गरिनेछ ।
५. राजश्व सुधार योजना तयार गरि राजश्स्वको दायरा बढाईनेछ।

**ङ) सङ्घ प्रदेश र स्थानीय तहहरु बीच सहकार्य:**

१. सङ्घ, प्रदेश र अन्य स्थानीय तहहरु बीच समन्वय, सहकार्य र सहअस्तित्वको नीति अवलम्बन गरिनेछ।
२. छिमेकी स्थानीय तह लगायत देश विदेशको अन्य स्थानीय तहसँग आपसी सहकार्य, अध्ययन तथा सिकाइ भ्रमण गरी आफ्नो गाउँपालिकालाई नमुना गाउँपालिका बनाउन भरपर्दो आधार निर्माण गरिनेछ।
३. विभिन्न स्वदेश तथा विदेशमा रहेका स्थानीय तहसंग भगिनी सम्बन्ध कायम गरी आपसी सहयोग आदानप्रदान गरिनेछ ।

अन्त्यमा यस गाउँपालिकाको विकासमा योगदान पुऱ्याउनुहुने जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, समाजसेवी, बुद्धिजीवी, शिक्षक र सम्पूर्ण जन समुदायहरुप्रति हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

अर्जुन गुरुङ
अध्यक्ष
मर्स्याङ्दी गाउँपालिका, लमजुङ

मितिः २०८३/०३/०५

**निर्णय नं. ५ :आ.व. २०८३/८४ मा प्रदेश नीति तथा योजना आयोग गण्डकी प्रदेशमा विशेष अनुदान कार्यक्रम प्रस्ताव संशोधनको सिफारिस गर्ने सम्बन्धमा :**

प्रदेश नीति तथा योजना आयोग गण्डकी प्रदेशको स्थानीय तहमा आ.व. २०८३/८४ को लागी प्रदेश विशेष अनुदान अन्तरगत सन्चालन गरिने योजनाहरुको प्रस्ताव माग भई आएकोमा मिति: २०८२-१२-२३ गते बसेको यस गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक मार्फत पठाईएका तिन वटा योजना मध्ये प्राथमिकता नं १ मा रहेको **न्युरी, घेर्मु, खानी, छिच्यु खानेपानी योजना, मर्स्याङ्दी-५** संघ सरकारबाट पनि बजेट विनियोजन भई आएको हुनाले दोहोरोपन तथा डुप्लिकेशन हुनु नदिनको लागी उक्त योजनाको सट्टामा सो कार्यपालिका बैठकको निर्णयमा सिफारिस गरिए बमोजिम प्राथमिकता नं २ मा रहेको **भाचे खानेपानी योजना, मर्स्याङ्दी-०२** लाई संशोधनको लागी प्रदेश नीति तथा योजना आयोग गण्डकी प्रदेशको कार्यालयमा पठाउने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. ६ भुलभुले-सिमलचौर-भुस्मे-रिङटाङ सडक स्तरोन्नतीको म्याद थप सम्बन्धमा।**

यस मर्स्याङदी गाउँपालिकाको कार्यालयको वडा नं ८ मा अवस्थित **ठेक्का नं-05/MRM/NCB/2082-83 (Upgrading of Bhulbhule-Simalchaur-Bhusme-Ringtang Road,Marsyangdi-08,Lamjung )**को यस मर्स्याङदी गाउँपालिका र श्री **S.S.-Karmasang JV, Bidur-१०, Nuwakot** बिच मिति २०८३।०३।१५ भित्र सम्पन्न गर्ने गरि मिति २०८२।०८।०४ गतेमा सम्झौता भएको निज S.S.-Karmasang JV, Bidur-१०, Nuwakot बाट काम गर्दा आफ्नो काबु भन्दा बाहिरको विषय लगायत कारणहरुले तोकिएको म्याद भित्र काम सम्पन्न गर्ने सत प्रतिशत प्रयास गर्दा पनि समयमा आयोजनाको काम सम्पन्न गर्न असमर्थ रहेको र सोही बमोजिमको Work Plan Schedule र कामको प्रतिबद्धता समेत पेश गरेकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ को उपदफा २ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १५० उपनियम ३ को उपनियम (२) बमोजिम जाँचबुझ गर्दा निवेदनमा म्याद थप गर्नको लागि खुलाइएको कारण खरिद सम्झौता बमोजिम मनासिब देखिएकोमा उक्त निर्माण कार्यको मिति: २०८३/०५/१५ गते अवधि सम्मको म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं: ७: इजाजतपत्र सम्बन्धमा।

मर्स्याङ्दी गाउँपालिकाको "घ"वर्गको निर्माण व्यवसायी इजाजतपत्र -सम्वन्धी कार्यविधि २०७५(पहिलो सशोधन)को दफा' को उपदफा वमोजिम गाठित प्रविधिक समितिको सिफारीस अनुसार श्री न्यु अनुग्रह कन्स्ट्रक्सन प्रा.लि. मर्स्याङ्दी गाउँपालिका ८ लमजुङलाई सोही कार्यविधिको दफा २ को(३) अनुसार "घ"वर्गको निर्माण व्यवसायी इजाजतपत्र दिने यस गाउँकार्यपालिकाको वैठकमा सर्वसहमतीले निर्णय गरियो ।

निर्णय नं. ८ खेलाडी प्रोत्साहन सम्बन्धमा

मर्स्याङ्दी गाउँपालिकाको विविध कार्यक्रम खर्च २२५२९ को क्र.सं. ७ शिर्षक खेलाडी प्रोत्साहन कार्यक्रम अन्तर्गत विनियोजित रकम रु. ५,००,०००।– बाट खर्च हुने गरी मिति २०८३ जेठ १९ गतेको मर्स्याङ्दी गाउँपालिकाको युवा तथा खेलकुद विकास समितिको सिफारीस अनुसार तपसिल बमोजिमका खेलाडीहरूलाई रु. १०,०००।– प्रति खेलाडी नगद प्रोत्साहन उपलब्ध गराउनुका साथै प्रत्येक खेलाडीलाई रु. १०,०००।– बराबरको खेलकुद सामाग्री प्याकेज (झोला, मोजा, फुटबल जुत्ता, भलिबल जुत्ता, जर्सी र ट्रयाक सेट) उपलब्ध गराउने यस कार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नाम थर | ठेगाना | सम्बन्धित खेल | कैफियत |
|---|---|---|---|---|
| १ | अर्जुन वि.क. | वडा नं. १ | फुटबल | |
| २ | अभिषेक वि.क. | वडा नं. २ | फुटबल | |
| ३ | ओसन थापा | वडा नं. ३ | फुटबल | |
| ४ | आकाश गुरुङ | वडा नं. ३ | फुटबल | |
| ५ | पुष्कर गुरुङ | वडा नं. ४ | फुटबल | |
| ६ | संगम गुरुङ | वडा णं. ४ | फुटबल | |
| ७ | निशान गुरुङ | वडा नं. ४ | फुटबल | |
| ८ | योवन गुरुङ | वडा नं. ५ | फुटबल | |
| ९ | शिव गुरुङ | वडा नं. ६ | फुटबल | |
| १० | सन्दिप गुरुङ | वडा नं ७ | फुटबल | |
| ११ | रोहित तामाङ | वडा नं. ८ | फुटबल | |
| १२ | विपिन तामाङ | वडा नं. ८ | फुटबल | |
| १३ | धन बहादुर गुरुङ | वडा नं. ९ | फुटबल | |
| १४ | रोशनी गुरुङ | वडा नं. ४ | फुटबल | |
| १५ | अनुजा गुरुङ | वडा नं. ४ | फुटबल | |
| १६ | सरीता गुरुङ | वडा नं. ५ | फुटबल | |
| १७ | कृति गुरुङ | वडा नं. ७ | फुटबल | |
| १८ | रुद्रदेवी गुरुङ | वडा नं. १ | फुटबल | |
| १९ | अजित पौडेल | वडा नं. ३ | भलिबल | |
| २० | महेश वि.क. | वडा नं. ६ | भलिबल | |
| २१ | विवेक वि.क. | वडा नं. ७ | भलिबल | |
| २२ | सन्जिता वि.क. | वडा नं. १ | भलिबल | |
| २३ | रेजिना गुरुङ | वडा नं. २ | भलिबल | |
| २४ | दिपिका थापा | वडा नं. ३ | भलिबल | |
| २५ | अंकिता गुरुङ | वडा नं. ७ | भलिबल | |